# आपतकालिक प्रतिकार्य तालिम उपकरण हस्तान्तरण

काठमाडौं, चैत्र २२

आपतकालिक प्रतिकार्य एवं आगलागी नियन्त्रण सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक पर्ने उपकरणहरु तीनवटै सुरक्षा निकायहरु र नेपाल रेडक्रम सोसाइटीलाई हस्तान्तरण गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल रेडक्रम सोसाइटीलाई विभिन्न तालिम उपकरण हस्तान्तरण गर्नुभयो । यी उपकरणहरु आपतकालिक प्रतिकार्य अभिबृद्धि कार्यक्रम (पियर) मार्फत अमेरिकी सहायता नियोग युएसएआइडी र अमेरिकाको रक्षा मन्त्रालयले उपलब्ध गराएका हुन् ।




तालिम उपकरणहरु हस्तान्तरण गर्न प्राधिकरणमा आयोजित औपचारिक कार्यक्रममा कार्यकारी प्रमुख पोखरेलले पछिल्ला बर्षहरुमा नयाँ खालका विपद्का साथै पुराना विपद्हरुको आयतन

पनि विस्तार हुँदै गएको उल्लेख गर्दै यी उपकरण प्रभावकारी विपद् प्रतिकार्यका लागि आवश्यक पर्ने तालिम संचालन गर्न सहयोगी हुने बताउनुभयो ।







गृह मन्त्रालय अन्तर्गत विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख सहसचिव प्रदीप कोइरालाले विपद् जोखिम व्यवस्थापनमा काम गर्ने निकाय र सहयोग गर्ने निकायबीच प्राधिकरणले पुलको काम गरिरहेको उल्लेख गर्दै प्राधिकरण गठनको औचित्य प्रमाणित हुँदै गएको बताउनुभयो ।

युएसएडका वातावरण सम्बन्धी उपनिर्देशक डेभिड म्यानले नेपालमा विपद् जोखिम न्यनूीकरणका लागि युएसएडले सहयोग गरिरहेको जानकारी दिँदै विपद्का घटना भइहाले त्यसको प्रतिकार्य गर्न तालिम आवश्यक पर्ने भएकोले यी उपकरण सहयोग गरेको बताउनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव रामेश्वर मरहठ्ठाले १६ प्रकारका तालिम उपकरणहरु प्राप्त भएको र यी सामग्री विभिन्न क्षेत्रमा वितरण हुने जानकारी दिनुभयो । भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका कार्यकारी निर्देशक सुर्यनारायण श्रेष्ठले आपतकालिक प्रतिकार्य क्षमता अभिबृद्धि कार्यक्रम (पियर)ले पुर्‍याएको योगदानको चर्चा गर्दै दक्ष उद्धारकर्मी उत्पादनमा यी उपकरणहरु उपयोगी हुने बताउनुभयो ।

प्राप्त उपकरणहरुमा ८० थान फायर स्वाटर, ३० थान फायर रेक, ३० थान फायर रेक हो, ३० थान सावेल, ३० थान फायर एक्स-हो, १० थान फस्ट एड किट, १०० थान जम्प सुट, १०० जोर फायर बुट, १०० जोर मोजा, १०० जोर पञ्जा, १०० थान हेल्मेट, १०० थान हेड टर्च, १०० थान मास्क, १०० थान वाटर बोटल, ५ थान ब्याक-प्याक पम्प छन् ।



यी सामाग्रीहरु बाँके नेशनल पार्क, सुपारीटार आर्मी ब्यारेक, रानी सामुदायिक वन उपभोक्ता समूह-मकवानपुर, जिल्ला वन कार्यालय-तनहुँ, बृहत जलाधार व्यवस्थापन केन्द्र-कास्कीलाई उपलब्ध गराइनेछ ।

हस्तान्तरण कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उच्च अधिकारीहरु एवं चिकित्साशास्त्र अध्ययन संस्थान, कार्यक्रम कार्यान्वयन गरिरहेको भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल तथा नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधिहरुको समेत उपस्थिति थियो ।